# काठमाडौं महानगरपालिका
## यँ महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्याः- २०८१/०८२ (शिक्षा विभाग)
चलानी नं.:- ५२६४

मिति : २०८१/१२/२९
ने.सं ११४५ चौलाथ्व चतुर्दशी, शुक्रबार

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश, नेपाल शिक्षा विभाग

विषय :- आधारभूत शिक्षा परीक्षाको नतिजा सम्बन्धी सूचना ।

श्री कक्षा आठ सञ्चालित सबै विद्यालयहरू,
काठमाडौं महानगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा, काठमाडौं महानगरपालिका, आधारभूत शिक्षा परीक्षा समितिको मिति २०८१।१२।२९ गतेको बैठकको निर्णयानुसार यस महानगरपालिकाबाट मिति २०८१/१२/०७ गतेदेखि सञ्चालन भएको शैक्षिक सत्र २०८१ को आधारभूत शिक्षा (कक्षा - ८) परीक्षाको नतिजा, पुनर्योग र ग्रेडवृद्धि परीक्षाको समयतालिका सम्बन्धमा देहायबमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

१. विद्यालयले आफ्नो विद्यालयको लेजर https://emis.cehrd.gov.np मा लगइन गरी हेर्न मिल्ने गरी नतिजा प्रकाशन गरिएको छ ।

   क. विद्यालयले https://emis.cehrd.gov.np मा आ-आफ्नो विद्यालयको User ID र Password प्रयोग गरी Login गर्ने ।

   ख. लगइनपश्चात् Manage exam मा गई Gradewise Ledger मा Click गर्ने, Click गरेपश्चात देखिएको Grade ledger लाई Print गरी नतिजा प्रकाशन गर्ने ।

२. प्रकाशित नतिजामा चित्त नबुझेका विद्यार्थीले पुनर्योग गर्न चाहेमा विद्यालय, विषय, सिम्बोल नम्बर र हाल प्राप्त भएको ग्रेडसहित मिति २०८२।०१।०४ गतेसम्म अध्ययन गरेको सम्बन्धित विद्यालयमा निवेदन दिने र विद्यालयले एकमुष्ट रूपमा प्रति विद्यार्थी प्रति विषय रु. २००।– (अक्षरेपि दुई सय रुपैंया मात्र) रकम राजश्व जम्मा गरी मिति २०८२।०१।०५ गते कार्यालय समयभित्र विद्यालयगत रूपमा Excel Sheet सहित शिक्षा विभागमा विवरण पेस गर्ने ।

३. विषयगत रूपमा सैद्धान्तिकतर्फ NG प्राप्त गरेका विद्यार्थीले जुनसुकै विषयमा पनि साविककै प्रवेश पत्रका आधारमा देहायको कार्यतालिकाबमोजिम ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने । (ग्रेडवृद्धि परीक्षामा सहभागी हुन कुनै फाराम भर्नुपर्ने छैन साथै सोका लागि कुनै राजश्व लाग्ने छैन ।)

ग्रेडवृद्धि परीक्षाको कार्यतालिका :

समय : बिहान ८:०० बजेदेखि (२ घण्टा) परीक्षा केन्द्र : पछि कायम गरिने छ ।

| क्र.सं. | मिति | विषय | | |
|---|---|---|---|---|
| | | साधारणतर्फ | संस्कृत/गुरुकुल/वेद विद्याश्रमतर्फ | गोन्पा तथा विहार/मदरसातर्फ |
| १. | २०८२/०१/०८ | गणित | गणित | गणित |


फोन नं.: +९७७-१-५९०९०३२ (प्रमुख), +९७७-१-४१६८७३२ (उप-प्रमुख), +९७७-१-४१६८७१७ (प्रमुख प्रशासकीय अधिकृत)
ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका
## येँ महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश, नेपाल


पत्र संख्या:- २०८१/०८२ (शिक्षा विभाग)
चलानी नं.:- ९२६४

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश, नेपाल शिक्षा विभाग

मिति : २०८१/१२/२९
ने.सं ११४५ चौलाथ्व चतुर्दशी, शुक्रबार

| क्र.सं. | मिति | साधारणतर्फ | संस्कृत/गुरुकुल/वेद विद्याश्रमतर्फ | गोन्पा तथा विहार/मदरसातर्फ |
|---|---|---|---|---|
| २. | २०८२/०१/०९ | अङ्ग्रेजी/संस्कृत रचना | अङ्ग्रेजी/संस्कृत रचना | अङ्ग्रेजी |
| ३. | २०८२/०१/१० | नेपाली | नेपाली | नेपाली |
| ४. | २०८२/०१/११ | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि/वेद | विज्ञान तथा प्रविधि वा बौद्ध दर्शन वा दिनियात |
| ५. | २०८२/०१/१२ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा/कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
| ६. | २०८२/०१/१३ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा/उर्दु भाषा |
| ७. | २०८२/०१/१४ | नेपाल भाषा/तामाङ भाषा | संस्कृत व्याकरण/नीति शास्त्र | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य/ आचार शिक्षा (दिनियात)/कुरान (अरेबिक) |

१२/२९
..........................
(केशव ज्ञवाली)
नि. शिक्षा अधिकारी